नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

# प्रेस विज्ञप्ती

## संघीय संरचना अनुसार धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र प्रदान गर्ने कार्य अगाडि बढाउने सम्बन्धमा

धितोपत्रको प्राथमिक बजार देशव्यापी रुपमा विस्तार भैसकेकोमा धितोपत्रको दोस्रो बजारलाई समेत विस्तार गर्ने उद्देश्यले बोर्डले आर्थिक बर्ष २०७५।०७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमा धितोपत्रको दोस्रो बजारको पहुंच विस्तार गरी धितोपत्र बजारमार्फत् स्थानीयस्तरमा रहेको बचत तथा लगानीलाई दीर्घकालीन पूंजी परिचालनको मूल प्रवाहमा ल्याउन आर्थिकरुपमा सम्भाव्य जिल्ला/स्थानहरुमा धितोपत्र दलाल सेवा संचालन अनुमति दिने कार्यक्रम निर्धारण गरेको छ ।

उर्पयुक्त कार्यक्रम अनुसार विद्यमान वजारको अवस्था तथा आकार, दलाल व्यवसायीले वहन गर्ने जिम्मेवारी तथा लिने जोखिम स्थानीय स्तरका व्यवसायी हुँदा उक्त व्यवसाय प्रतिको अपनत्वको साथै स्थानीय पूंजी परिचालन भई स्थानीय स्तरमा समेत धितोपत्र बजारको दायरा फराकिलो हुने तथा स्थानीय स्तरको व्यवसायी प्रति लगानीकर्ताको विश्वास, धितोपत्र दलाल व्यवसायीमा हुने जोखिम न्यूनिकरण एवं देशमा संघीय संरचना अनुसार प्रादेशिक सरकार निर्माण भैसकेको र प्राथमिक वजारसंगै धितोपत्रको दोस्रो वजारलाई पनि सोही अनुरुप प्रतिस्पर्धात्मकरुपमा विस्तार गर्न आवश्यक भएको देखिएको परिप्रेक्ष्यमा संघीय संरचना अनुसार विभिन्न प्रदेशहरुमा आर्थिकरुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाण्डौ उपत्यका वाहेक) स्थानीय स्तरमा धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र प्रदान गर्न आवश्यक कार्य अगाडि बढाउन संचालक बोर्डको निर्णयानुसार नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) लाई निर्देशन दिइएको छ ।

धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय गर्नका लागि धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ अनुसार धितोपत्र बजारको सिफारिश सहित बोर्डमा निवेदन दिने व्यवस्था रहेकोले बोर्डले उक्त कार्य अगाडि बढाउनका लागि नेप्सेलाई निर्देशन दिइएको हो ।

धितोपत्रको प्राथमिक बजार ७७ जिल्लामा विस्तार भै सकेको परिप्रेक्ष्यमा उल्लेखित व्यवस्था कार्यान्वयनमा आए पश्चात स्थानिय स्तरमा रोजगारीको स्तर बृद्धि हुने तथा धितोपत्रको दोस्रो बजार कारोवार सुविधा समेत देशव्यापीरुपमा विस्तार भई समग्र पूंजी बजारको दायरा फराकिलो हुने बोर्डको विश्वास रहेको छ ।

मिति : २०७५।०८।१७

प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np